सर्वोच्च अदालत
काठमाडौं

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

**आदेश**

विषयः- वेरितको आदेश बदर गरी पाउँ।

०८०-RE-०१९०

आङटावा शेर्पा ---------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार---------------------------------------------------- विपक्षी/ वादी

०८०-RE-०२३८

शमशेर मियाँ---------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार---------------------------------------------------- विपक्षी/ वादी

०८०-RE-०२३९

केशव प्रसाद दुलाल---------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार---------------------------------------------------- विपक्षी/ वादी

०८०-RE-०२४०

सन्देश शर्मा ---------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार---------------------------------------------------- विपक्षी/ वादी

०८०-RE-०२४१

गोविन्द कुमार चौधरी---------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार---------------------------------------------------- विपक्षी/ वादी



CamScanner

०८०-RE-०२४२

टोप बहादुर रायमाझी------------------------------------------------------------ निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार-------------------------------------------------------------------- विपक्षी/ वादी

०८०-RE-०२४४

सागर राई ---------------------------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार-------------------------------------------------------------------- विपक्षी/ वादी

०८०-RE-०२४६

डा. इन्द्रजित राई -------------------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार-------------------------------------------------------------------- विपक्षी/ वादी

०८०-RE-०२४७

सानु भण्डारी------------------------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार-------------------------------------------------------------------- विपक्षी/ वादी

०८०-RE-०२४९

टेक नारायण पाण्डे-------------------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

नेपाल सरकार-------------------------------------------------------------------- विपक्षी/ वादी

मुद्दाः ठगी, लिखत किर्ते, राज्य विरुद्ध र संगठित अपराध सम्वन्धी कसूर।

उच्च अदालत पाटन / काठमाडौं जिल्ला अदालत के,

यसमा निवेदक आङटावा शेर्पाको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शरद प्रसाद कोइराला र श्री योगेन्द्र बहादुर अधिकारी, विद्वान अधिवक्ताहरु श्री मनिराम उपाध्याय, श्री चिरञ्जिवी उपाध्याय र श्री पुरुषोत्तम अर्याल, निवेदक शमशेर मियाँको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री मन्दिरा अधिकारी, निवेदक केशव प्रसाद दुलालको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री योगेन्द्र बहादुर अधिकारी, विद्वान

अधिवक्ता श्री राजन भट्टराई, निवेदक सन्देश शर्माको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शरद प्रसाद कोइराला र श्री गोपालकृष्ण घिमिरे, विद्वान अधिवक्ताहरु श्री मंगल महर्जन, श्री शुसिला कार्की र श्री नगेन्द्र चन्द, निवेदक विक्रम भन्ने गोविन्द कुमार चौधरीको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री दामोदर अधिकारी, श्री राम सुब्वा, श्री नविन कुमार सुब्बा र श्री केशरमणी अर्याल, निवेदक टोप बहादुर रायमाझीको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शुसिल पन्त र श्री रमेश बडाल, विद्वान अधिवक्ताहरु श्री धर्मराज रेग्मी, श्री करुणाकर मल्लीक र श्री आकृती रायमाझी, निवेदक सागर राईको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री प्रकास पौडेल र श्री सन्तोष प्रसाद भट्टराई, निवेदक डा. इन्द्रजित राईको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री प्रकास बहादुर के.सी. र श्री कृष्णप्रसाद सापकोटा, विद्वान अधिवक्ताहरु श्री दिल कुमारी राई र श्री कुमार अधिकारी, निवेदक सानु भण्डारीको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री शरद प्रसाद कोइराला, विद्वान अधिवक्ताहरु श्री विनोद शर्मा, श्री नरेन्द्रराज घिमिरे र श्री चुडामणी पोखरेल, निवेदक टेक नारायण पाण्डेको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री लभ कुमार मैनाली, जाहेरवाला रामकुमार रेग्मीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री भद्रप्रसाद नेपाल तथा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान सहन्यायाधिवक्ताद्वय श्री सोमकान्ता भण्डारी र श्री गोविन्द खनालले गर्नुभएको बहससमेत सुनियो।

निवेदक प्रतिवादी शमशेर मियाँको हकमा हेर्दा, जाहेरवाला एवं घटना विवरण कागज गर्ने पीडितहरुले निजलाई कुनै रकम दिएको भनी नाम उल्लेख नगरेको, यि प्रतिवादीले अधिकार प्राप्त अधिकारी र शुरु अदालत समक्ष कसूरमा इन्कार रही बयान गरेका, कुनै पनि सहप्रतिवादीले निजलाई पोल गरेको पनि नदेखिएको स्थितिमा तहाँ अदालतबाट मिति २०८०।८।१५ मा निजबाट रु.१०,००,०००।— (दश लाख रुपैयाँ) नगद धरौटी, जमानत वा बैंक जमानत लिने गरी भएको आदेश मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ को रोहमा बेरितको देखिँदा बदर गरिदिएको छ। प्रस्तुत मुद्दामा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी निज प्रतिवादी शमशेर मियाँलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नू।

निवेदक प्रतिवादी विक्रम भन्ने गोविन्द कुमार चौधरीको हकमा हेर्दा, निजले शुरु अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रहेका, यी प्रतिवादीले कसूरजन्य कार्य गरी रकम उठाएको वा लिएको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको र जाहेरवाला सुमन दाहालले निजको लुम्बिनी बैंक लि.मा जम्मा गरेको भनेको चौबिस लाख सत्तहर हजार रुपैयाँ के बापत जम्मा गरेको भन्ने कुरा स्पष्ट नदेखिएको साथै निजले पत्नी निजु चौधरीको नाममा रहेको जिल्ला मोरङ, कसेनी गा.वि.स. वडा नं.६(ख) कि.नं.७५१ को जग्गा सुमन दाहालले भनेको मानिसको नाममा रजिष्ट्रेशन पास गरी दिइसकेको भन्ने मिसिलबाट देखिँदा निजलाई मुद्दा पूर्पक्षको लागि थुनामा नै राख्नु पर्ने सम्मको अवस्था नदेखिएकोले निजलाई मुद्दा पूर्पक्षको क्रममा थुनामा राख्ने गरी उच्च अदालत पाटनबाट मिति २०८०।०८।१५ मा भएको आदेश बेरितको देखिँदा बदर गरिदिएको छ। अब प्रस्तुत मुद्दामा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी विक्रम भन्ने गोविन्द कुमार चौधरीबाट दश लाख रुपैयाँ नगद वा सो बराबरको जेथा जमानत वा बैंक जमानत दिए लिई कानूनबमोजिम मुद्दा पूर्पक्ष गर्नू।

निवेदक प्रतिवादी आङटावा शेर्पाको हकमा विचार गर्दा, यी प्रतिवादीले शुरु अदालतमा बयान गर्दा, आरोपित कसूरमा पूर्णतः इन्कार रहेको देखिएको, निज विरुद्ध जाहेरी दिने जिमा शेर्पेनी, तेन्जी पुटी शेर्पेनी, पेम्बा शेर्पा, जिमा शेर्पा, लमडोपा शेर्पा र सोनी शेर्पाले लेनदेनको क्रममा चवन्न लाख रुपैयाँ दिएको भनिएको उक्त रकम लेनदेनको हो, अमेरिका लैजान भनी रकम दिएको होइन प्रहरीले जाहेरीमा हामीले नभनेको कुरा लेखी सहीछाप गराएको हो भनी शुरु जिल्ला अदालतलाई संवोधन गरी मिति २०८०।०२।११ मा निवेदन दिइरहेको मिसिलबाट देखिँदा निजलाई मुद्दा पूर्पक्षको लागि थुनामा नै राख्नु पर्नेसम्मको अवस्था नदेखिँदा उच्च अदालत पाटनबाट मुद्दा पूर्पक्षको लागि थुनामा राख्ने गरी मिति २०८०।०८।१५ मा भएको आदेश बेरितको देखिँदा बदर गरिदिएको छ। प्रस्तुत मुद्दामा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी आङटावा शेर्पाबाट तीस लाख रुपैयाँ नगद वा सो बराबरको जेथा जमानत वा बैंक जमानत दिए लिई कानूनबमोजिम मुद्दा पूर्पक्ष गर्नू।

प्रतिवादीहरु टेक नारायण पाण्डे, डा. इन्द्रजित राई, टोप बहादुर रायमाझी, केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई र सन्देश शर्माको हकमा हेर्दा, निजहरु उपर ठगीको कसूरबाट उठान भएको विभिन्न कसूरमा सजाय गरी पाउँ भन्ने अभियोग पत्र माग दावी रहेकोमा प्रतिवादीहरु उपर किटानी जाहेरी रहेको, निजहरुले एक अर्कालाई पोल गरी गरेको बयान बेहोरा, पीडितहरुको घटना विवरण कागज समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा निजहरुलाई मुद्दा पूर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्ने गरी उच्च अदालत पाटनबाट मिति २०८०।०८।१५ मा भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहन परेन। कानूनबमोजिम गर्नू ।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८१ साल वैशाख महिना १३ गते रोज ५ शुभम् ----------------------।



CamScanner